## वैठक - ४९

आज मिति २०७६/१२/२१ गते विहान ८ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राधेश्याम चौधरी | अध्यक्ष | |
| २. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| ३. | भेषनारायण चौधरी | वडाध्यक्ष वार्ड १ | |
| ४. | शम्भु प्रसाद चौधरी | वडाध्यक्ष वार्ड २ | |
| ५. | अणेन्द्रनाथ राय | वडाध्यक्ष वार्ड ३ | |
| ६. | छोटेलाल यादव | वडाध्यक्ष वार्ड ४ | |
| ७. | दिनेश सहानी | वडाध्यक्ष वार्ड ५ | |
| ८. | कैलास यादव | वडाध्यक्ष वार्ड ६ | |
| ९. | हयात खाँ धुनिया | वडाध्यक्ष वार्ड ७ | |
| १०. | छिमादेबी चौधरी | सदस्य | |
| ११. | चन्दादेवी चौधरी | " | |
| १२. | जन्त्री केवटिन | " | |
| १३. | विन्दादेवी धोवी | " | |
| १४. | जोखु प्रसाद कहार | " | |
| १५. | श्री सुनिता हरिजन | " | |
| १६. | श्री बुध्द प्रकाश पौडेल | प्र.प्र.अ | |
| १७. | नारायण पाण्डेय | आमन्त्रित | |
| १८. | नरेश कोहार | " | |
| १९. | राजन वस्याल | " | |
| २०. | ओमनारायण देवकोटा | स्वास्थ्य शाखा | |
| २१. | अशोक कुमार पाण्डेय | स्वास्थ्य शाखा | |
| २२. | टेकनाथ ज्ञवाली | | |
| २३. | तुलसीप्रसाद अधिकारी | कृषि शाखा | |

# प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - कोरोना भाईरस(covid-19) संक्रमण रोकथाम, उपचार तथा राहत कोष स्थापना गर्ने सम्वन्धमा**

**निर्णय नं. १ -** प्रस्ताव नं. १ उपर छलफल गर्दा विश्वभर माहामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस(COVID-19) वाट नेपाल पनी उच्च जोखिममा रहेको हुनाले उक्त संक्रमण रोकथाम,उपचार तथा राहत उपलव्ध गराउनका निमित्त एक कोष स्थापना गर्ने एवं सोको लागी ग्लोवल आई.एम.ई वैंक सरावलमा वैंक खाता खोलिएकोमा उक्त खाता अनुमोदन सहित सञ्चालन गर्ने निर्णय गरियो । उक्त कोषमा सरावल गाउपालिकाको वार्षिक स्विकृत कार्यक्रम मध्ये विपद व्यवस्थापन कोष खर्च शिर्षकवाट रु १५ लाख एवं गाउपलिकावाट तलवभत्ता खाने सम्पुर्ण शिक्षक तथा कर्मचारी मध्ये अधिकृतस्तर एवं सोभन्दा माथिल्लो पदको हकमा आधारभुत तलवस्केलको ५ दिन र अन्यको हकमा ३ दिन वरावरको तलव जम्मा गर्ने निर्णय गरियो ।साथै अन्य ईच्छुक सहयोगदातावाट प्राप्त राहत रकम समेत सोही खातामा जम्मा गरी परिचालन गर्ने निर्णय गरियो। कोरोना रोकथामका निमित्त हालसम्म भएका सम्पुर्ण खर्च एवं सामाग्री खरिद गर्दा भएको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ - सरावल गा.पाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्वन्धी मापदण्ड-२०७६ स्विकृत एवं राहत उपलव्ध गराउने सम्वन्धमा**

**निर्णय नं. २** - सरावल गा.पाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्वन्धी मापदण्ड-२०७६ वैठकमा पेश गरियो सोउपर छलफल गर्दा उक्त मापदण्ड पेश भएवमोजिम स्विकृत गर्ने निर्णय गरियो । साथै विश्वभर तिव्र गतिमा फैलिईरहेको कोरोना भाईरस(COVID-19) वाट हुन सक्ने महामारीको संत्रासको कारण नेपाल सरकारको निर्णयअनुरुप देशैभर लकडाउन गरिएको र उक्त लकडाउनवाट दैनिक रुपमा ज्यालामजदुरी गर्ने श्रमिक वर्ग एवं असहायहरुलाई को दैनिक जनजिवन कष्टकर हुन सक्ने यथार्थतालाई मध्यनजर गर्दै स्विकृत मापदण्ड अनुरुप राहत वितरण गर्ने निर्णय गरियो । साथै राहत वितरण गर्नुपर्ने असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुको तथ्यांक संकलन गर्न वडाकार्यालयलाई जिम्मेवारी दिईएकोमा ताहावाट प्राप्त प्रमाणित तथ्यांकअनुसार यस सरावल गाउपालिकामा देहायवमोजिमको संख्यामा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहाय रहेकोले हाललाई पहिलो चरणअन्तर्गत निजहरुलाई स्विकृत मापदण्ड वमोजिम राहत उपलव्ध गराउने निर्णय गरियो ।

| वडा नं. | असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुको संख्या |
|---|---|
| १ | ४२० |
| २ | १३१ |
| ३ | ६११ |
| ४ | ५७६ |
| ५ | ३२३ |
| ६ | ४१८ |
| ७ | ५३३ |

राधेश्याम चौधरी

**प्रस्ताव नं. ३ - स्वास्थ्य शाखावाट आयोजित कोरोना भाईरस रोकथाम तथा उपचार सम्वन्धमा मिति २०७६/१२/१० र मिति २०७६/१२/१९ को वैठकको निर्णय अनुमोदन गर्ने सम्वन्धमा**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा कोरोना भाईरस रोकथाम तथा उपचारको निमित्त स्वास्थ्य शाखाको आयोजनामा मिति २०७६/१२/१० र मिति २०७६/१२/१९ गते वसेको वैठकको निर्णय वैठकमा जानकारी भयो। साथै कोरोना भाईरसको रोकथाम एवम नियन्त्रणका निमित्त सम्पुर्ण एकजुट हुने प्रतिवध्दतासहित उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ - कोरोना भाईरस तथा विभिन्न प्रकारका विषाणु, जिवाणु रोकथामका लागी प्रत्येक गाउटोलमा औषधी छर्कने सम्वन्धमा ।**

**निर्णय नं. ४** -यस सरावल गाउपालिकामा विभिन्न भाईरस जन्य प्रकोष रोकथाम गर्नका निमित्त गाउपालिकाको प्रत्येक गाउटोलमा क्लोरिन,फिनाईल सहितको विषादी छर्ने निर्णय गरियो । जसको नेतृत्व प्रत्येक वडा कार्यालयले गरी डोरहाजिरामा मजदुर खटाई आवश्यक सुरक्षात्मक उपायहरु अपनाई छर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - एम्वुलेन्स सञ्चालन कोषको लागि वैंक खाता सञ्चालन गर्ने सम्वन्धमा**

**निर्णय नं. ५ -** प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको एम्वुलेन्स सञ्चालन कार्यविधी-२०७६ वमोजिम एम्वुलेन्स सेवा सञ्चालन भईरहेकोमा सोको कोष प्रयोजनार्थ खाता सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ - संशोधन/रकमान्तर सम्वन्धमा**

**निर्णय नं.** ६ - प्रस्ताव नं. ६ उपर छलफल गर्दा विश्वभर महामारीको रुपमा फैलिईरेहको कोरोना भाईरस कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणका निमित्त हाल विभिन्न कार्यहरु भईरहेको साथै सोको लागी आवश्यक रकम वन्दोवस्त गर्नका निमित्त एक कोष खडा गरी खुल्ला सुचनामार्फत सहयोग माग गर्ने निर्णय यसै वैठकद्वारा भईसकेको साथै उक्त कोष मजवुत वनाउन यस सरावल गाउपालिकाको पाचौ गाउसभा द्वारा आ.व २०७६/०७७ को लागी वडातर्फ स्विकृत योजना/कार्यक्रम मध्ये हालसम्म दायित्व सिर्जना नभएका चालु कार्यक्रमको रकम रकमान्तर/संशोधन गरी नेपाल सरकार अर्थ मन्त्रालयको च.नं. ६९४, मिति २०७६/१२/२१ गतेको पत्रवमोजिम विपद व्यवस्थापन अन्तर्गत कोरोना भाईरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषमा जम्मा गरि नियमानुसार परिचालन गर्ने निर्णय गरियो ।

राधेश्याम चौधरी
अध्यक्ष